मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २१९ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८२ भाद्र ४ गते बुधबार ❑ 20 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकीले ल्यायो घरेलु मदिरा ऐन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र

गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेशसभाबाट पारित भएको छ।

मंगलबार बसेको प्रदेशसभा बैठकले सर्वसम्मत रूपमा उक्त विधेयक पारित गरेको उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले जानकारी दिनुभयो । “विषयगत समिति र प्रदेशसभामा दफाबार छलफल भएपछि विधेयक पारित भयो”, उहाँले भन्नुभयो, “घरेलु मदिराको ‘ब्राण्डिङ’ र बजारीकरणका लागि कानुनी प्रबन्ध गरिएको छ ।” प्रदेश सरकारले घरेलु मदिरासम्बन्धी विधेयकलाई गत चैत १४ गते प्रदेशसभामा प्रस्तुत गरेको थियो । त्यसअघि प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गरेको थियो । लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई पनि नियमन तथा व्यवस्थापन गर्न ऐन ल्याइएको मन्त्री बस्यालले बताउनुभयो। उक्त ऐन निर्माणमा क्रममा विज्ञसहित सरोकार भएका पक्षहरूसँग व्यापक छलफल गरिएको उहाँको भनाइ छ।

मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न गरिएको हो। परम्परागत रूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याउन लागिएको मन्त्री बस्यालले बताउनुभयो । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने उहाँले बताउनुभयो । केही समयअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो।

प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको थियो। मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको थियो।

ऐनमा घरेलु मदिरा उत्पादनका लागि प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ । व्यक्ति, फार्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न मनाउने व्यवस्था गरिएको छ। धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजतपत्र लिनु नपर्ने व्यवस्था ऐनमा रहेको मन्त्री बस्यालले जानकारी दिनुभयो । उद्योग दर्ता गराउन स्थानीय तहको सहमति, स्थान, आवश्यक पर्ने भाडा, उपकरण, अन्न तथा फलफूलजस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र उल्लेख गर्नुपर्ने ऐनमा व्यवस्था छ।

घरेलु मदिरालाई गण्डकी प्रदेशभित्रका कृषि सहकारीले समेत दर्ता गर्न सक्नेछन्। मदिरामा अन्य मिसावट गर्न नपाइने स्पष्ट व्यवस्था विधेयकले गरेको छ। कोदो, फापर, उवा, जौ, गहुँ, मकै, स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, डिम्बरजस्ता अन्न र फलफूलबाट मदिरा बनाउन सक्ने व्यवस्था गरिएको छ। जनजाति समुदायमा सामाजिक संस्कारमा प्रयोग हुँदै आएको घरेलु मदिरालाई कानुनी दायरामा ल्याएर प्रदेश सरकारले संस्कृति र परम्पराको सम्मान गरेको प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले बताउनुभयो।

## ‘फेवाताल संरक्षणमा सरकारले ध्यान दिइरहेको छ’

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटकीय आर्कषणको केन्द्रका रूपमा रहेको पोखराको फेवाताल संरक्षणमा प्रदेश सरकारको ध्यान केन्द्रित रहेको बताउनुभएको छ।

ट्रेकिङ्ग एजेन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकी प्रदेशद्वारा मंगलबार पोखरामा आयोजित ‘ट्रेकिङ्ग गाइड तथा ट्रेकिङ्ग पोटर गाईड’सम्बन्धी १५ दिने तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा उहाँले देशकै पर्यटकीय गहनाको रूपमा रहेको फेवाताल संरक्षणमा सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो । पर्यटकीय राजधानी घोषणासँगै यहाँका पर्यटकीय गन्तव्यको संरक्षण र विकास गर्ने दायित्व प्रदेश सरकारको भएको बताउँदै मुख्यमन्त्री पाण्डेले यस्ता पर्यटनसँग सम्बन्धित संस्थाको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको बताउनुभयो । पर्यटकीय राजधानी पोखरा र आसपासका पर्यटकीय गन्तव्यमा पर्यटकको बसाइँ लब्याउन सरकार र पर्यटन व्यवसायीको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रम अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो।

मुख्यमन्त्री पाण्डेले फेवातालको मापदण्डभित्र परेका तर व्यक्तिको नाममा रहेका जग्गाको मुआब्जा दिइने बताउनुभयो । “फेवातालको मापदण्ड कायम गर्ने विषयमा अदालतको आदेश कार्यान्वयनका लागि हाल तालको सिमाङ्कन गर्ने कार्य भइरहको छ। मापदण्डभित्र व्यक्तिको लालपूर्जा भएका जग्गाको मुआब्जा दिने काम पनि हुन्छ”, उहाँले भन्नुभयो।

प्रदेश वन तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले पर्यटकीय राजधानी पोखरामा सञ्चालित यस्ता तालिमले स्वदेशी तथा विदेशी पर्यटकलाई पदमार्गमा जान सजिलो बनाउने र रोजगारीको अवसरसमेत सिर्जना गर्ने बताउनुभयो । तीन सय जनाले एकैपटक यस्तो तालिम लिँदा गण्डकी प्रदेशको पर्यटन विकास र प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको विश्वास थियो।

कार्यक्रममा पोखरा महानगरपालिका-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पर्यटन बोर्ड नेपालका पूर्वबोर्ड सदस्य गणेशबहादुर भट्टराई, टान गण्डकीका सल्लाहकार डम्बर केसी, अजय ढकाल, मणिराज लामिछाने, इन्द्रकाजी गुरुङ, तीर्थ सुवेदी, कृष्ण आचार्यलगायतले पर्यटन विकासमा सरकार र पर्यटन व्यवसायीको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिएका थिए।

## सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र

नागरिकको मौलिक हकका रूपमा स्थापित सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध पक्ष सक्रिय र जागरुक हुनुपर्नेमा वक्ताहरूले जोड दिएका छन्।

राष्ट्रिय सूचना दिवसका अवसरमा गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा मंगलबार पोखरामा आयोजित ‘सूचनाको हक कार्यान्वयनको अवस्था’ विषयक अन्तर्क्रियामा सूचनाको हकको प्रचलन बढाउनुपर्नेमा जोड दिइएको हो। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डा खगेन्द्रप्रसाद सुवेदीले नागरिकलाई सूचनाबाट वञ्चित गर्न नहुने बताउनुभयो । उहाँले ऐनको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्या र कमीकमजोरीलाई सुधार गर्दै लैजानुपर्ने बताउनुभयो।

प्रमुख सचिव डा सुवेदीले प्रदेश सरकार मातहतका सबै कार्यालय र निकायका बेवसाइटलाई समयमै अद्यावधिक गर्नुपर्ने बताउनुभयो । उहाँले स्वतः प्रकाशन गर्नुपर्ने सूचनालाई नियमित रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाइने बताउनुभयो।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ, गण्डकी प्रदेशका अध्यक्ष राजबहादुर गुरुङले सूचनाको हकसम्बन्धी ऐनमा रहेका कतिपय प्रावधानलाई समयानूकुल परिमार्जन र खुकुलो पार्नुपर्ने बताउनुभयो। ऐनले दिन मिल्ने भनेर तोकेका सूचना दिनबाट कुनै पनि सार्वजनिक निकाय पन्छिन नमिल्ने उहाँको भनाइ छ। उहाँले सुदृढ लोकतन्त्र र पारदर्शी शासन व्यवस्थाका लागि सूचनाको हक महत्त्वपूर्ण औजार भएको धारणा राख्नुभयो।

गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारीले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रेस रजिष्ट्रारको कार्यालयले प्रदेश सरकारसँग मिलेर काम गर्ने बताउनुभयो। उहाँले मागिएका सूचना सम्प्रेषण गर्दा पनि ध्यान दिनुपर्ने बताउनुभयो । न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष गङ्गाधर पराजुलीले समयमा सही सूचना दिन नसक्दा गलत सूचना प्रवाह हुने जोखिम रहने बताउनुभयो।

सुशासन प्रवर्द्धनका लागि सूचनाको हकको प्रचलनलाई बढाउनुपर्ने उहाँको भनाइ छ। सूचना अभियानकर्मी अनिल थापाले सूचना दिवसलाई वार्षिक क्यालेण्डरमा प्रकाशन गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेश सरकारका सचिव वासुदेव रेग्मी, पत्रकार यदुनाथ बञ्जरालगायतले सूचनाको हकको प्रयोगका बारेमा आफ्ना अनुभव र भोगाइ सुनाएका थिए। सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ, गण्डकी प्रदेशको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा सूचनाको हक कार्यान्वयनको अवस्थासम्बन्धी विभिन्न प्रस्तुतीकरण पनि राखिएको थियो । अधिकांश वक्ताहरूले सूचनाको हकको कानुनी व्यवस्था स्पष्ट र बलियो भएपनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताएका थिए।

सूचनाको हकको प्रचलन बढाउन सचेतना अभिवृद्धिसहित सार्वजनिक निकायका पदाधिकारीलाई उत्प्रेरित गनुपर्नेमा जोड दिइएको थियो। नेपालको संविधानको धारा २७ मा ‘प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ’ भन्ने व्यवस्था छ । यस्तै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा ‘प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ’ भन्ने उल्लेख छ।



# ‘पहाडकी रानी’सँग पर्यटकीय साझेदारी बढाउँदै पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र

पोखरा भ्रमण वर्ष-२०२५ घोषणासहित आफ्ना विभिन्न पर्यटकीय गतिविधि बढाइहेको पोखरा महानगरपालिकाले भ्रमण वर्ष घोषणा भएका स्थानीय पालिकामध्येको तनहुँको बन्दीपुरमा त्यहाँका सम्बद्ध अधिकारीहरूबीच पर्यटकीय साझेदारीलगायतका विषयमा अन्तरक्रिया गरेको छ।

प्रकृति, संस्कृति र ऐतिहासिकताले सम्पन्न ‘पहाडकी रानी’ उपमा पाएको बन्दीपुरमा पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई नेतृत्वको टोलीले पोखरा र बन्दीपुरबीचको पर्यटकीय साझेदारीका सम्भावनाका सम्बन्धमा छलफल गरेको हो। दिगो पर्यटनको विकासका लागि स्थानीय तहसँग सहकार्य गर्दै अघि बढ्ने योजनाअनुरुप भ्रमण वर्ष घोषणा भएका स्थानीय तहसँग छलफल एवं अन्तरक्रिया बढाइएको पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले बताउनुभयो । “हामी योसँगै गण्डकी प्रदेशभित्रका ८५ वटै स्थानीय तहसँग छलफल बढाउने तयारीमा छौँ”, उहाँले भन्नुभयो, “पर्यटनको विकास केवल एउटैले गरेर मात्र हुँदै एकापसमा गरिने सहकार्यले दिगो पर्यटन विकासलाई महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।” नेपाल भित्रिएका सबै पर्यटकलाई पोखरा ल्याउने र पोखरा आएका पर्यटकलाई आसपासका पर्यटकीय गन्तव्यमा पुऱ्याउन एकापसमा साझेदारी र सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो। साझेदारी र सहकार्यकै लक्ष्यका साथ आइतबार मात्रै भ्रमण वर्ष घोषणा गरिएको गोरखा नगरपालिकामा सम्बद्ध अधिकारीहरूसँग छलफल एवं अन्तरक्रिया गरिएको छ । बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले पोखरासँगको पर्यटकीय साझेदारीले बन्दीपुरको पर्यटनमा महत्वपूर्ण प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । “सहकार्यले दुवै गन्तव्यको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्छ”, उहाँले भन्नुभयो, “यसका लागि एकापसमा सहकार्य आवश्यक छ, हामी सहकार्य गर्दै अघि बढ्न इच्छुक छौँ ।” बन्दीपुर भ्रमण वर्ष-२०२५ का संयोजक वैशबहादुर गुरुङले पर्यटकीय गन्तव्यहरूबीच एकापसको सहकार्यले दिगो पर्यटनमा योगदान पुग्ने धारणा राख्नुभयो।

एकापसका गन्तव्यको पर्यटकीय साझेदारीका लागि अगुवाइ पोखराले लिनुपर्ने बताउँदै उहाँले सामूहिक प्रयासले हामी सबैलाई फाइदा पुग्ने उल्लेख गर्नुभयो । पोखरामहानगरपालिकाकाप्रवक्ता मोतिलाल तिमिल्सिनाले पर्यटनमा सहकार्य बढाउँदै त्यसको लाभ सामूहिक रूपमा लिनसक्ने वातावरण तयार गर्ने लक्ष्यका साथ स्थानीय तहसँग साझेदारीको अभियान सुरु गरिएको बताउनुभयो। पोखरालाई पर्यटन राजधानी घोषणा गरेपछि पर्यटन सम्बद्ध क्षेत्रको विकासका लागि पोखरामा एसियाली विकास बैङ्कलगायत विकास साझेदारहरूबाट ठूलो लगानी हुन लागेको उहाँले जानकारी दिनुभयो। पोखरा भ्रमण वर्ष-२०२५ कार्यसम्पादन समितिका सह-संयोजक दामोदरभक्त थापाले एकापसका गन्तव्यबाट पर्यटक आदानप्रदान गर्न सकेमा सामूहिक लाभ लिन सकिने बताउँदै यसका लागि सहकार्य जरुरी भएको धारणा राख्नुभयो । नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष डिपी अधिकारीले भ्रमण वर्ष घोषणा भएका स्थानीय तह एकै ठाउँमा बसेर पर्यटकीय साझेदारीलगायतका विषयमा नीतिनिर्माण बढ्दै अघि बढ्न सकेमा समग्र पर्यटको विकासमा महत्वपूर्ण उपलब्धि हासिल हुने बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले एकापसको पर्यटकीय सहकार्यले दुवै गन्तव्य लाभान्वित बन्ने बताउनुभयो । यसबाट पर्यटकको बसाइ लम्ब्याउन योगदान पुग्नाका साथै पर्यटकले गर्ने खर्च पनि बढाउने उहाँले बताउनुभयो । पोखरा भ्रमण वर्ष-२०२५ कार्यसम्पादन समितिका सदस्यसचिव एवं महानगरपालिका आर्थिक विकास महाशाखाप्रमुख मनहर कडरियाले पोखरा पर्यटन राजधानी घोषणा भएसँगै विकास साझेदार संस्थाहरू पनि लगानीका लागि इच्छुक भएको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, महिला व्यवसायी रामकली खड्का, बन्दीपुर भ्रमण वर्ष-२०२५ का सदस्य राजु बानियाँ, उद्योग वाणिज्य सङ्घ बन्दीपुरका अध्यक्ष घनश्याम खड्कालगायतले पर्यटकीय गन्तव्यबीच सहकार्य हुँदा त्यसबाट पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुग्ने बताउनुभयो।

# २५ करोडको लागतमा गण्डकी प्रदेश सभा भवन निर्माण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र



गण्डकी प्रदेश सभा भवन निर्माण हुने भएको छ । उक्त भवनको आज एक समारोहका बिच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शिलान्यास गर्नु भएको हो।

३ बर्षमा निर्माण हुने उक्त भवन जति सक्दो छिटो दुई बर्षमै सक्ने गरी काम गर्न उहाँले ठेकदार कम्पनीलाई आग्रह गर्नु भयो। उक्त भवनको लागत रकम भ्याट र मूल्य अभिवृद्धि कर सहित २५ करोड ३७ लाख ८२ हजार ८ सय ६० रुपैयाँ ९६ पैसा रहेको छ। भवन निर्माणका लागि २०८१ माघ १८ गते सम्झौता भइसकेको छ र ३ वर्षभित्र अर्थात् २०८४ माघ १७ गतेसम्म सम्पन्न गर्ने योजना रहेको शहरी विकास तथा यातायात व्यवस्थापन पूर्वाधार विकास निर्देशनालयले जनाएको छ । श्रेष्ठ एन्ड सन्स कम्पनीले उक्त भवन बनाउने गरी ठेक्का पाएको हो। भुइँतलामा एक हजार ८४६ वर्गमिटर, पहिलो तला एक हजार ४९६ र दोस्रो तला ७३९ वर्गमिटरका हुने छन्। नयाँ प्रदेश सभाको भुइँतलामा सभामुख, प्रदेश सभा सचिवालय, उपसभामुख, विषयगत समिति रहने भएको छ भने पहिलो तलामा सय जना क्षमताको हल बन्ने छ।

दोस्रो तलामा प्रदेश सभा बैठक हेर्न चाहने संचारकर्मी, राजनीतिकर्मी र सर्वसाधारणका लागि स्थान रहने भएको छ।

# पोखरामा खुला पर्वतीय दौड हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र

पोखरामा विश्व पर्यटन दिवसको सन्दर्भ पारेर आगामी असोज ४ गते खुला पर्वतीय दौड प्रतियोगिता हुने भएको छ । पोखराको राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धन गर्ने तथा खेलका माध्यमबाट खेल पर्यटन प्रवर्द्धनका लागि दौड प्रतियोगिता आयोजना गर्न लागिएको हो।

सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा आगामी असोज ४ गते खुला पर्वतीय दौड प्रतियोगिता आयोजना हुने जानकारी दिइएको हो। पोखरा-२२ स्थित विश्वशान्ति स्तूपबाट सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी निगालेडाँडामा अवस्थित कालाबाङ घरेडी बुद्ध पार्कमा पुगेर दौड समापन हुने आयोजक पोखरा क्लिका अध्यक्ष दीननाथ बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार आठ किमी पर्वतीय दौडमा खुला, वडास्तरीय, महिला, यु-१६, पर्यटन तथा ४० वर्ष माथिका भेट्रानतर्फको प्रोत्साहन गरी छ वटा ‘इभेन्ट’ समावेश गरिने छ। प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले नगद रु ५० प्राप्त गर्नेछन्। द्वितीय, तृतीय, चौथो र पाँचौं स्थानसम्मलाई क्रमशः रु ३० हजार, रु १५ हजार, रु सात हजार र रु तीन हजार वितरण गरिने अध्यक्ष बरालले जानकारी दिनुभयो।

वडास्तरीय, खुला महिला र यु-१६ तर्फका विजेतालाई जनही रु १५ हजार र उपविजेतालाई जनही रु सात हजारसहित मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा यसवर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारकोसमेत व्यवस्था गरिएको छ। भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही रु १५ हजारका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिने बरालले बताउनुभयो । प्रतियोगिताका लागि अनलाइन आवेदन दर्ता खुला गरिएको प्रतियोगिता निर्देशक ओम लामाले जानकारी दिनुभयो। उहाँका अनुसार यही भदौ २५ गतेसम्म धावकले अनलाइन फारममार्फत आफ्नो नाम दर्ता गराउन सक्नेछन्।

पोखरा-२२ का वडाध्यक्ष हिमलाल बरालले दौड प्रतियोगितालाई वडाले आफ्नो चाडका रूपमा लिएको बताउँदै आगामी दिनमा विस्तार गरेर ‘हाफ म्याराथन’सम्म लैजाने योजना रहेको जानकारी दिनुभयो।

पोखरा पर्यटन परिषद्का प्रथम उपाध्यक्ष हरिबहादुर भुजेलले विश्वपर्यटन दिवसका अवसरमा हुने उक्त प्रतियोगितामा विदेशी धावकहरू बढीभन्दा सहभागी गराउन पहल गर्ने बताउनुभयो। विश्वशान्ति स्तूप समितिका अध्यक्ष अशोक गुरुङले दौडको सुरुआत शान्ति स्तूपबाट हुने भएकाले आवश्यक व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

# कास्कीका फोटो पत्रकारले मनायो विश्व फोटोग्राफी दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र




संघले १ सय ८६ औं फोटोग्राफी दिवसको अवसरमा कास्कीको मादी गाउँपालिका-५, सुनपदेलीमा मंगलबार शुभकामना आदानप्रदान, बधाई तथा तीजको अवसरमा दरखाने कार्यक्रम गरेको हो।

कार्यक्रममा संघका अध्यक्ष राम गुरुङलाई नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीले प्रदान गर्ने कञ्चन पत्रकारिता पुरस्कार प्राप्त गरेकोमा बधाई दिइएको थियो।

कार्यक्रमा संघका सल्लाहकार तथा पूर्वअध्यक्ष कृष्णमणि बरालले रचनात्मक र उत्कृष्ट फोटो खिच्नु आजको आवश्यकता भएको बताए । चूनौतीलाई छिचोल्दै फोटोग्राफर र फोटो पत्रकार अघि बढ्नुपर्ने समय आएको उनले सुनाए। आगामी दिनमा फोटो पत्रकार संघ कास्कीले अझै रचनात्मक काम गर्दै अघि बढ्न उनले सुझाव दिए।

संघका सल्लाहकार एवं पुर्वअध्यक्ष इन्द्रप्रसाद पौडेलले फोटोग्राफी नजानी फोटो पत्रकार हुन नसक्ने भन्दै यसमा ध्यान दिन आग्रह गरे। फोटोग्राफी र पत्रकारिताको तालिम लिएकाहरु यस क्षेत्रमा लाग्नुपर्नेमा लाग्नुपर्नेमा उनको जोड थियो। नेपाल फोटो पत्रकार संघ, कास्कीकी उपाध्यक्ष तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सदस्य राधिका कंडेलले फोटोग्राफी र फोटो पत्रकारितामा अवसरसँगै चूनौती रहेको बताइन्।

निवर्तमान अध्यक्ष दुर्गाप्रसाद पौडेलले संसारभरका फोटोग्राफर र फोटोपत्रकारलाई एकै सुत्रमा बाध्न फोटोग्राफी दिवसले सहयोग पुग्ने बताए । कार्यक्रममा कास्कीका अध्यक्ष राम गुरुङले एकपटक खिचेको फोटो सधैं अमर रहने बताए । संघले आगामी दिनमा पनि फोटो पत्रकारको हितमा काम गर्ने उनले प्रतिवद्धता व्यक्त गरे।

# उपनिर्वाचनका लागि २६ राजनीतिक दल दर्ता

**रासस**
पोखरा, ३ भाद्र

निर्वाचन आयोगले आगामी कात्तिक १७ गते रुपन्देही क्षेत्र नं ३ मा हुने उपनिर्वाचनका लागि २६ राजनीतिक दल दर्ता गरेको छ।

दल दर्ताका लागि आएका २७ राजनीतिक दलमध्ये कानुनी रित पूरा भएका २६ दललाई आयोगको सोमबारको निर्णयअनुसार दर्ता गरिएको सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम उपनिर्वाचनका लागि दल दर्ता गरिएको हो।

आयोगले सबैभन्दा पहिले मङ्गोल नेशनल अर्गनाइजेशन दर्ता हुन आएको जनाएको छ। यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका लागि नेपाली पार्टी, जनमत पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, जनता समाजवादी पार्टी, नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), जनप्रजातान्त्रिक पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) दर्ता भएका छन्।

साथै नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), संयुक्त नागरिक पार्टी, नेकपा(एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), नेकपा( माले), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय मातृभूमि पार्टी, नेपाली जनता दल दर्ता भएको छ।

त्यस्तै, राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल जनमुक्ति पार्टी, हाम्रो नेपाली पार्टी, बहुजन शक्ति पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल उपनिर्वाचनका लागि दर्ता भएको आयोगले जनाएको छ । आयोगले उपनिर्वाचनको कार्यतालिका सार्वजनिक गर्दै आगामी असोज २१ गते उम्मेदवार मनोनयन दर्ताको दिन तय गरेको छ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदि
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदि
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**REPAIR/MAINTENANCE WORKS OF PARKING SHED OF EOI, PPO POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for repair/ maintenance works of parking shed of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 08 Sep 2025 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 / 061- 435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting the bid.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# घरेलु मदिरालाई कानुनी मान्यताको बाटो खुल्यो

गण्डकी प्रदेशमा परम्परागत घरेलु मदिरा उत्पादनलाई व्यवस्थित बनाउँदै कानुनी मान्यता दिने बाटो खुला भएको छ। मङ्गलबारको प्रदेशसभाबाट 'गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' पारित भएको छ । विषाक्त मदिराको प्रयोग हुन नदिन र घरेलु मदिरालाई व्यावसायिक उत्पादन गर्न दिनुपर्ने आवाज उठेको थियो । विधेयकमा स्थानीय कच्चा पदार्थको प्रयोगबाट उत्पादनलाई अभिवृद्धि गर्ने, मदिरा आयात प्रतिस्थापन गर्ने उद्देश्य राखिएको छ ।

आदिवासीजनजातिको सांस्कृतिक रीतिरिवाजको जगेर्ना गर्ने र विषाक्तरहित गुणस्तरीय मदिरा उत्पादन सुनिश्चित गर्ने उद्देश्य सहित प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले प्रदेशसभामा गत चैत १३ गते विधेयक दर्ता गराएको थियो । विदेशी मदिराको प्रयोग बढ्दै गएको र विषाक्त मदिरा खुला नाकाबाट भित्रिने गरेको छ । संस्कृति र रीतिरिवाजका नाममा जथाभावी प्रयोग र उत्पादन गर्दा त्यसले समाजमा पारेको नकारात्मक असर कम गर्नुपर्ने माग उठेको हो। समाजमा व्याप्त गुणस्तरहीन मदिरालाई नियन्त्रण गर्न र मापदण्डअनुसार संचालन गर्न दिनुपर्ने बीचको बाटोबाट विधेयकमा छलफल भएको थियो ।

सैद्धान्तिक छलफलपछि विधेयकलाई अर्थ तथा विकास समितिमा पठाइएकोमा सोमबार समितिले प्रतिवेदन प्रदेशसभामा पेश गरेको थियो। मङ्गलबार विधेयक पारित हुनुअघि त्यसमाथि दफावार छलफलमा उठेको प्रश्नहरुको उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले जवाफ दिएका थिए । घरेलु मदिरालाई कानुन रुप दिई व्यावसायिक उत्पादन र बिक्री गर्ने व्यवस्थाले अर्थतन्त्रको विकासमा सघाउन पुग्ने प्रदेश सरकारको दावी थियो ।

विधेयकमाथिको दफावार छलफलमा प्रदेशसभा सदस्य गणेशमान गुरुङ, रेशम जुग्जाली, विन्दु पौडेल र दीपेन्द्रबहादुर थापाले भाग लिएका थिए । गण्डकी सरकारले वर्ष र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमै घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयकलाई प्राथमिकतामा राखेको थियो । अन्य प्रदेशमा पनि भएका छलफल र अभ्यासका आधारमा विधेयक पारित भएको छ । विधेयकमा व्यक्तिले आफ्नो संस्कृति, परम्परा, रीतिरिवाज वा घरायसी प्रयोजनका लागि वार्षिक ६० लिटरसम्म घरेलु मदिरा र ६० लिटरसम्म जाँड उत्पादन गर्दा इजाजतपत्र लिनु नपर्ने व्यवस्था छ । विधेयकमा व्यावसायिक उत्पादनका लागि भने इजाजत अनिवार्य गरिएको छ ।

मर्चा तोकिएको प्रयोगशालाबाट परीक्षण गराउनुपर्ने र त्यसको प्याकेजिङमा कच्चा पदार्थ, उत्पादन मिति, प्रयोग विधि र अधिकतम खुद्रा मूल्य (एमआरपी) समेत खुलाउनुपर्ने छ। मदिराको बोतलमा रहने लेबलमा उत्पादकको नाम, ठेगाना, अल्कोहलको मात्रा, मूल्यजस्ता विवरण नेपाली र अंग्रेजी भाषामा अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था छ । विधेयकले मदिरा उत्पादनका लागि स्थानीय स्तरमा पाइने कोदो, मकै, फापर जस्ता अन्नबालीका साथै स्याउ, सुन्तला, ऐसेलु, चुत्रो जस्ता फलफूलसमेत प्रयोग गर्न पाइने उल्लेख छ । इजाजत नलिई वा तोकिएको गुणस्तर पूरा नगरी मर्चा वा मदिरा उत्पादन तथा बिक्री गरेमा कसुरको प्रकृति हेरी बिगो जफत गरी पाँच हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र प्रचलित कानुन अनुसार थप सजाय विधेयकमा राखिएको छ । अब कानुन बनेपछि नियमन गर्ने र गुणस्तर कायम गर्न लाग्न जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाव |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङमा एक महिलामा डेङ्गु सङ्क्रमण

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ भाद्र

हिमाली जिल्ला मुस्ताङमा एक महिलामा डेङ्गु सङ्क्रमण देखिएको छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाकी ३८ वर्षीया महिलामा डेङ्गु सङ्क्रमण भएको हो ।

डेङ्गु सङ्क्रमित महिला बिरामी परेपछि उपचारका लागि प्रदेश अस्पताल जोमसोममा भर्ना भएकी थिइन् । सोही क्रममा स्वास्थ्य परीक्षण गर्दा ती महिलामा डेङ्गु रोगको सङ्क्रमण देखिएको अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा समिक्षा कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार बिरामी महिला उपचारपछि घर फर्किनुभएको छ । साउनमा यहाँ डेङ्गु रोग सङ्क्रमण देखिएको यो पहिलो घटना भएको डा कँडेलले जानकारी दिनुभयो । यहाँ आउने पर्यटकका माध्यमबाट यहाँ डेङ्गु सङ्क्रमण देखिएको उहाँको भनाइ छ । यसअघि मुस्ताङस्थित प्रदेश अस्पताल जोमसोममा आव २०८०/८१ मा चार जना तथा आव २०८१/८२ मा १७ जनामा डेङ्गु सङ्क्रमण देखिएको मुस्ताङ अस्पतालको तथ्याङ्कमा उल्लेख छ ।

# तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा फेदीखोलामा पुल निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, ३ भाद्र

तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा भिमाद नगरपालिका–५ फेदीखोलामा पुल निर्माण हुने भएको छ । जलविद्युत् आयोजनाको डुबान क्षेत्रमा पर्ने फेदीखोलामा स्टिलट्रस पुल निर्माण गर्न लागिएको हो ।

पुल निर्माणका लागि आयोजनाले गत साउन ३० गते बोलपत्र आह्वान गरी बोलपत्र दर्ता गर्ने अन्तिम मिति आगामी असोज १२ गतेसम्म निर्धारण गरिएको छ। आयोजनाको डुबान क्षेत्रका सर्वसाधारणको सहजताका लागि ५५ मिटर लम्बाइको पुल निर्माण गर्न लागिएको आयोजना प्रमुख श्यामजी भण्डारीले बताउनुभयो। पुल नहुँदा खोलावारपार गर्न सर्वसाधारणलाई असहजता हुँदै आएकाले पहल थालिएको उहाँको भनाइ छ ।

भिमाद नगरपालिकाको वान्टाङ खोलामा पनि आयोजनाले पक्की पुल निर्माण गर्न लागेको छ । एसियाली विकास बैंकको सहयोगमा वान्टाङ खोलामा पुल निर्माण गर्न लागिएको भण्डारीले जानकारी दिनुभयो । भिमाद नगरपालिका हुँदै ऋषिङ गाउँपालिकाका विभिन्न वडा जाने भिमाद–ऋषिङ खण्डअन्तर्गत वान्टाङ खोलामा पुल नहुँदा वर्षायाममा हजारौँ सर्वसाधारणले सास्ती भोग्दै आएका छन् । खोला बढेको बेला वारपार गर्न समस्या हुने गरेको स्थानीय बताउँछन् ।

आयोजनाका कारण डुबानमा पर्ने सेती नदीमा रहेका चार वटा झोलुङ्गे पुल पुनर्स्थापना गर्न लठ्ठा खरिदका लागि बोलपत्र आह्वान गरी सम्झौता हुन लागेको भण्डारीले बताउनुभयो ।

# १४ करोड लागतमा सडकसँगै छात्रावास

पोखरापत्र संवाददाता
स्याङ्जा, ३ भाद्र

स्याङ्जाको आँधीखोला गाउँपालिकाले झण्डै १४ करोडको लागतमा दुई सडक र दुई छात्राबास निर्माण गरेको छ । गाउँपालिकाले ९ करोड ५ लाखमा दुई सडक र चार करोड ९३ लाखमा दुई छात्राबास समेत १३ करोड ९८ लाखमा चार योजना निर्माण गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा सडकतर्फ दुई जिल्ला स्याङ्जाको आँधीखोला र पर्वतको फलेबास नगरपालिका जोड्ने गरि फुलबारी पुवाडाँडा-खौला लाकुरी र जिल्लाका दुई पालिका आँधीखोला र फेदीखोला जोड्ने गरि जुग्ले गोगनपानी-बाँगे पंचासे सडक कालोपत्रे तथा ढलान गरि निर्माण गरेको हो । स्याङ्जा र पर्वत जोड्ने फुलबारी पुवाडाँडा सडक एक करोड ५० लाखमा दुई किलोमिटर ८ सय मिटर निर्माण भएको छ । क्रमागत योजनामा रहेको उक्त सडक निर्माणको अन्तिम चरणमा पुगेको छ । दुई पालिका जोड्ने जुग्ले गोगनपानी सडक ७ करोड ५५ लाखमा झण्डै दुई किलोमिटर ५ सय मिटर गरि ५ किलोमिटर भन्दा बढि सडक गएकै वर्ष निर्माण गरेको गाउँपालिकाले जनाएको छ । 'स्थानीयको आवश्यकता र मागलाई ध्यान दिएर बजेटको ठूलो हिस्सा खर्चेर सडक निर्माणलाई प्राथमिकता दिएका छौँ ।' गाउँपालिकाका अध्यक्ष विश्व पौडेलले भने, 'गएको वर्ष ९ करोडको लागतमा दुई जिल्ला र पालिका जोड्ने सडक निर्माण गरियो ।' पछिल्लो ५ वर्षमा झण्डै ५० करोडको खर्चमा एक दर्जन सडक निर्माण गरेको उनले सुनाए । गएकै आर्थिक वर्षमा गाउँपालिकाले चिलाउनेबासको जनप्रदिप र सेतिदोभानको प्रद्युम्न पनेरु माविमा छात्राबास निर्माण गरेको छ । संघीय सरकारको सशर्त अनुदानमा तिन करोड ७२ लाखमा जनप्रदिप र एक करोड २१ लाखमा प्रद्युम्न पनेरु माविमा छात्राबास निर्माण गरेको छ ।

गाउँपालिकाका अधिकांश विद्यालय गाभ्ने र गाभिने चरणमा रहेको हुँदा 'मेगा विद्यालय' बनाउने अभियान अन्तर्गत दुई माविमा छात्राबास निर्माण गरिएको हो । अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा सिरुवारीस्थित त्रिशहिद माविमा झण्डै एक करोड ६० लाखको लागतमा छात्राबास निर्माण गरिएको गाउँपालिकाले जनाएको छ । भुगोल र सिमाना मिलाएर सिरुवारी, चिलाउनेबास र सेतिदोभानका मेगा तिन विद्यालयमा छात्राबास निर्माण गरिएको गाउँपालिकाका इन्जिनियर प्रकाश पौडेलले बताए । कम विद्यार्थी धेरै विद्यालयमा अनावश्यक खर्च गर्नुको सट्टा मेगा मोडलमा भौगोलिक बनावटलाई ध्यानमा राख्दै थौरै विद्यालयलाई भौतिक सुविधायुक्त बनाउनेतर्फ गाउँपालिका केन्द्रित भएको उनले जानकारी दिए ।

# सहारा आ.वि.लाई १ लाखको अक्षयकोष र प्रिन्टर

पोखरापत्र संवाददाता
पोखरा, ३ भाद्र



शिवटोल बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा यु.के निवासि सवि गुरुङले आफ्नो जन्मदिनको अवसरमा गुरुङले १ थान प्रिन्टर सहित सम्पूर्ण विद्यार्थीहरुलाई खाजा प्रदान गरेकी छिन् ।

सोहि क्रममा समजसेवी तथा स्टेशन पोखरा रेष्टुरेन्टकि सञ्चालक सपना गुरुङले आफ्नो स्वर्गीय पिता सुवेदार लालकाजी गुरुङको स्मृती दिवसको अवसरमा बुवा र आमा धनकुमारी गुरुङको नामवाट रू. १ लाख वरावरको अक्षयकोष प्रदान गरिन् ।

स्वागतका क्रममा वोल्दै विद्यालयका प्रधानाध्यापक लोचना कुमारी अधिकारीले सवी गुरुङको शु-स्वास्थ्यका साथ दीर्घजीवनको कामना गरिन र दाता सपना गुरुङलाई हार्दिक धन्यवाद व्यक्त गरिन । दाता गुरुङले यस अघि पनि विद्यालयलाई १ थान ४३ ईन्चको स्मार्ट टि.भि. प्रदान गरेकी थिइन् । कार्यक्रममा वोल्दै दाता सपना गुरुङले आफ्नो यु.के निवासी डेन्टल नर्स भदिनी सवी गुरुङले आफ्नो जन्म दिनको अवसरमा पुनित कार्य गर्ने इच्छा व्यक्त गरेकोमा सहारा विद्यालयलाई पहिलो रोजाईमा राखि यो कार्यक्रम सञ्चालन गर्न पाउँदा खुसी व्यक्त गरिन्। सोहि क्रममा उनले आफ्नो स्वर्गीय पिता सुवेदार लालकाजी गुरुङको स्मृतीमा स्वर्गीय वुवा र आमा धनकुमारी गुरुङको नामवाट विद्यालयको शैक्षिक उन्नयनका लागी अक्षयकोष स्थापनार्थ रु. १ लाख प्रदान गरेको वताइन् । कार्यक्रमका प्रमुख अतिथी पोखरा मनपा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले विद्यालयलाई सवैको साथ र सहयोगले माथी पुर्याउन निकै सहयोग भएको अनुभुति गरेको वताउँदै विद्यालयको अध्यक्ष विक्रम थकालीको दृढताका साथ काम गर्ने कार्यशैलीले देखिएका उपलब्धिहरुप्रती धन्यवाद व्यक्त गरे । आफ्नो स्थापनाकाल देखिनै निरन्तर विद्यालयलाई सहयोग प्रदान गर्दै आएको संस्था सहारा क्लव पोखराका अध्यक्ष केशवराज बरालले विद्यालयको प्रगति प्रति खुसी व्यक्त गर्दै दाता गुरुङ परिवारलाई शुभकामना व्यक्त गर्दै प्रदान गरिएका समाग्रीहरुको समुचित तवरवाट प्रयोगका लागी विद्यालय परिवालाई आह्वान गरे ।

कार्यक्रमका समापनका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकालीले विद्यालय भौतिक रुपमा विस्तरै सवल वन्दै गइरहेको अवस्थामा गुणस्तरिय शिक्षाका लागि विद्यालय परिवारलाई हरेक अवस्थामा साथ र सहयोग गर्न आफू तत्पर रहेको बताए । विपन्न र अव्यवस्थित वस्तिका २४० जना बालबालिकाहरु अध्ययन गर्ने विद्यालयमा सम्पूर्ण विद्यार्थीहरुलाई मासु, चिउरा र जुस सहित खाजा र प्रिन्टर(रू.३८हजार बरावरको) प्रदान गर्ने दाता यु.के निवासी सवि गुरुङलाई धन्यवाद व्यक्त गर्दै जन्मदिनको शुभकामना व्यक्त गरे । सोहि क्रममा हामिले आफ्नो जन्मदिनलाई मनाउँदा फजुल खर्च को सट्टा दानको रुपमा परिणत गर्दा अभावमा रहेकालाई सहयोग गर्न सकिने पनि बताउदै अक्षयकोष प्रदान गर्ने सहयोगी दाता सपना गुरुङलाई हार्दिक धन्यवाद व्यक्त गरे । मन्तव्यकै क्रममा अध्यक्ष थकालीले विद्यालयलाई विभिन्न समयमा विभिन्न तवरवाट सहायता प्रदान गर्ने दाताहरु, कार्यक्रममा उपस्थित सम्पूर्ण संघसंस्थाका पादाधिकारीहरू, शिक्षक, अभिभावक, विद्यार्थीहरुलाई धन्यवाद व्यक्त गरे ।

# एगा पोखराद्वारा तिजका अवसरमा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ३ भाद्र

इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन(एगा) पोखराले नेपाली महिलाहरूको महान चाड हरितालिका तिजका अवसरमा एगा सम्बद्ध पर्यटन व्यवसायी महिलाहरूका लागि शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ ।

संस्थाले विभिन्न महत्वपूर्ण चाडपर्व लक्षित गरी शुभकामना आदानप्रदान कार्यक्रम गर्दै आएकोमा तिजका अवसरमाशुभकामनाआदानप्रदान गरिएको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो । पोखराको लेकसाइडस्थित होटेल पौवामा सम्पन्न कार्यक्रममा ५६जनाको सहभागिता थियो । कार्यक्रममा एगा पोखराका पूर्व अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेलले तिज आँफैमा महत्वपूर्ण संस्कृति भएको बताउनुभयो । यसको मौलिकतालाई जोगाउनु आवश्यक भएको उहाँको भनाई छ । कार्यसमिति सदस्य एवम् कार्यक्रम संयोजक सुन्ती पुर्जाले सबैको साथ र समन्वयमा कार्यक्रम गरिएको बताउँदै आगामी दिनमा पनि यस्तै साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो । एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालको सभापतित्व एवम् कार्यसमिति सदस्य रामकृष्ण तिमल्सिनाले सञ्चालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष गीता ढकाल पौडेलले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा सद्भाव सदस्य गोविन्द अधिकारी, कमल सापकोटा, पूर्व अध्यक्षहरू जीवनाथ गौतम, कृष्णकुमार श्रेष्ठ, शंकर भट्टराई र विश्वराज पोखरेल लगायतले तिजको महत्व बारे प्रकाश पार्दै शुभकामना व्यक्त गर्नुभएको थियो ।

# गर्भवतीका लागि पोषण कार्यक्रम प्रभावकारी बन्दै

पोखरापत्र संवाददाता
तनहुँ, ३ भाद्र

जिल्लाको व्यास नगरपालिकाद्वारा सञ्चालित ' महिलासँग उपप्रमुख'अन्तर्गत गर्भवती महिला पोषण कार्यक्रम प्रभावकारी बन्दै गएको छ । बालबालिकालाई कुपोषणमुक्त र स्वस्थ बनाउने, नवजात शिशु र आमा दुवैको मृत्युदर घटाउने, स्वास्थ्य स्याहार र सुरक्षा उपलब्ध गराउने उद्देश्यले सञ्चालित कार्यक्रम प्रभावकारी बन्दै गएको हो ।

नगरपालिकाले चालु आर्थिक वर्षमा २४३ जना गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरेको छ । उक्त कार्यक्रमअन्तर्गत जनही रु पाँच हजारका दरले रु १२ लाख २५ हजार रकम वितरण गरिएको नगरका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरुत्साहित गर्ने उद्देश्य रहेको छ ।" स्वस्थ बच्चा जन्मन आमा निरोगी आवश्यक हुने गर्भवती चरणदेखि महिला कमजोर हुनेहुँदा पोषिलो खानाको आवश्यकतापर्ने भएकाले पोषणका लागि रकम प्रदान गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार आर्थिक विपन्नता भएको स्वास्थ्य जोखिम नहोस् भनेर कार्यक्रम सञ्चालन गरिएको हो । प्रमुख प्रशासकीय अधिकृत गैरेले भन्नुभयो, "पोषण सहयोग कार्यक्रमले मातृ मृत्युदरमा न्यूनीकरण आएकाले कार्यक्रम प्रभावकारी बन्दै गएको छ, यसलाई निरन्तरता दिनेछौँ ।"

नगरपालिकाभित्र रहेका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक (४, ६ र ८ महिनामा) गर्भजाँच गरेको गर्भवतीलाई आठ महिनापछि रु पाँच हजार प्रदान गर्ने व्यवस्था गरिएको महिला, बालिका तथा समाजकल्याण शाखाकी अधिकृत राधा आचार्यले बताउनुभयो । व्यास नगरपालिकामा स्थायी बसोबास गर्ने महिलाले मात्रै यस्तो सुविधा प्राप्त गर्नसक्ने प्रावधान रहेको उहाँले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार हालसम्म ५६ जनालाई अपाङ्गता र १२४ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ। चालु आवमा १७ वटा संस्था दर्ता गरिनुका साथै २३ वटाको नवीकरण गरिएको महिला, बालिका तथा समाजकल्याण शाखाले जनाएको छ । अपाङ्गता भएका १९० जना 'ग' वर्गलाई रु चार हजारका दरले रु सात लाख ६० हजार प्रोत्साहन रकम वितरण गरिएको छ ।

# गौडाकोमुख टोल विकास संस्थाको अध्यक्षमा क्या.कृष्ण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र



पोखरा महानगरपालिका वडा नं १३ स्थित गौडाकोमुख टोल विकास संस्थाको १६ औं वार्षिकोत्सव तथा छैठौ अधिवेशनले क्या. कृष्ण घलेलाई अध्यक्ष पदमा चयन गरेको छ ।

सस्थाको प्रथम उपाध्यक्षमा कृति वहादुर खत्री, द्धित्तिय उपाध्यक्षमा डा. चन्दन श्रेष्ठ, सचिवमा कृष्णराज पौडेल, कोषाध्यक्षमा क्या. एस बहादुर गुरुङ, सहसचिवमा मिना कुमारी श्रेष्ठ, सह कोषाध्यक्षमा सु.श्रीमान गुरुङ चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश पारु हमाल, दिपेश श्रेष्ठ, मदन ढेवाजू र शेभा श्रेष्ठ रहेका छन् । सोही दिन सस्थाले सल्लाहकार संयोजकमा इन्सपेक्टर मानकाजी, सल्लाहकारहरुमा क्रमश डम्बर बहादुर श्रेष्ठ, माधव नारायण श्रेष्ठ र सु हर्क बहादुर गुरुङ चयन भए । कार्यक्रममा एसइइ उर्तिणा गर्ने संस्थाको सदस्यहरुको छोराछोरी र जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो । वडा नं १३ वडा अध्यक्ष किरण वरालले सभाको उद्घाटन गरेका थिए । गौडाकोमुख टोल विकास सस्थाका अध्यक्ष इन्सपेक्टर मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार डम्बरवहादुर श्रेष्ठ, माधवनारायण श्रेष्ठ, माटेपानी गुम्बा फेदीका अध्यक्ष ददिराम खनाल, व्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय उपशाखा कुँडहरकी संचालिका ब्रह्मकुमारी अप्सरा लगायत वोलेको कार्यक्रममा सदस्य मिना कुमारी श्रेष्ठले संचालन गरेकी थिइन् ।

# चण्डिका आमा समुहको अध्यक्षमा विना श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र



पोखरा महानगरपालिका वडा नं. ९ दरबारथोकमा रहेको चण्डिका आमा समुहको १३ औं साधारण सभा तथा ५ औं अधिवेशनले विना श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

समितिको उपाध्यक्षमा देउमाया श्रीस पुन, सचिवमा मिना सिग्देल, कोषाध्यक्षमा कमला पाण्डे, सहसचिवमा शान्ति भुजेल मगर सदस्यहरुमा कृष्ण माया कार्की, निलम खवास श्रेष्ठ, सुनिता केसी, शान्ति गौतम, विष्णु सिग्देल, देवका थपलिया, रचना खवास, खिमा अधिकारी, चुनु माया गुरुङ र सिता खवास सर्वसम्मत चयन भएका छन् ।

त्यसै गरी सल्लाहकारमा सरस्वती कोइराला, सिता नेपाली, गंगा सुवेदी, विमला रानाभाट, पुष्प कुमारी आचार्य, हरिमाया गुरुङ, शारदा सिग्देल, शोभा अधिकारी र खिमा गुरुङ चयन भएका छन् । कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, वडा सदस्यहरु गिता चर्माकार, नन्दराम गिरी र लक्ष्मी पहारी, चण्डीमाई सेवा समिति, दरबारथोकका अध्यक्ष तेजबहादुर भुजेल, टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, समुहका पूर्व अध्यक्ष एवं कृषि संजाल, पोखरा ९ का अध्यक्ष विमला रानाभाट, नेवा मिसाः पुच नयाँवजार अध्यक्ष कोपिला श्रेष्ठले शुभकामना मन्तव्य दिएका थिए ।

सो अवसरमा ८० वर्ष पुरा गर्नुभएका बुबाआमाहरु तेजबहादुर भुजेल, हिरामाया भुजेल, वेदनाथ कोइराला, पुर्णकला सिग्देल, मोतीसरा शर्मा भट्टराई, निराकुमारी गुरुङलाई प्रमुख अतिथि मर्सानी र अध्यक्ष सीता नेपालीले दोसल्ला ओडाएर सम्मान गरेका थिए । त्यसैगरी २०८१ सालको एसइइ परिक्षा उत्तिर्ण सम्राट अधिकारी, अस्मित थापा, सुरज थापा मगर, स्विकृत सिग्देल, निष्ठा खवास, सुकृत्य सिग्देललाई सम्मान गरिएको थियो । विद्यार्थी सम्मान कार्यक्रमको प्रायोजन दरबारथोक योग केन्द्रकी अध्यक्ष शोभा मिश्र अधिकारीले गरेकी थिइन ।

सभामा संस्थाको वार्षिक प्रतिवेदन सचिव देउमाया श्रीसले र आर्थिक प्रतिवेदन संस्थाका सदस्य निलम खवासले प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष सीता नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष विना श्रेष्ठले स्वागत मन्तव्य, कार्यसमिति सदस्य रचना खवासले स्वागत नृत्य र संचालन कोषाध्यक्ष शान्ति भुजेल मगरले गरेका थिए ।


# धितो लिलाम बढाबढको ७ दिने सार्वजनिक सूचना !

(प्रकाशित मिति: २०८० साउन १२ गते ), (प्रकाशित मिति: २०८० भदौ १८ गते ), (प्रकाशित मिति: २०८२ वैशाख १८ गते ) (प्रकाशित मिति: २०८२ भदौ ४ गते )

यस शुभम् बचत तथा ऋण सहकारी संस्था लि.बाट व्यवसायिक ऋण शिर्षक अन्तर्गत उपभोग गरेको ऋणको ऋण लैजाँदाका बखत गरेको सर्त अनुरुप तिर्नु बुझाउनु पर्ने रकम तोकिएको समयावधी भित्र सावाँ तथा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरुको उल्लघंन गर्नुभएको साथै संस्थाले पटक पटक ऋणको शर्त अनुरुप ऋणको साँवा, ब्याज तथा हर्जना लगायतका शुल्क यथाशीघ्र बुझाई ऋण नियमितगर्न मौखिक तथा लिखित रुपमा अनुरोध गर्दा समेत ऋण चुक्ता नगर्नु भएको र लिखित पत्रद्वारा विभिन्न मितिमा अनुरोध गर्दा समेत ऋण चुक्ता नगरेको साथै विभिन्न मितिमा कर्जा नियमित गर्नुहोस् भनी समाधान राष्ट्रिय दैनिक लगायतका पत्रिकाहरुमा समेत सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्तागर्न ताकेतागर्दा समेत कुनै चासो नदेखाएको हुँदा ऋणीले ऋण लिँदाका बखत सहकारी संस्थालाई धितो सुरक्षणमा लेखाइदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति लिलाम बिक्रीको लागि यो धितो लिलाम बढाबढको ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । गण्डकी प्रदेश सहकारी ऐन २०७५ को परिच्छेद १२ बमोजिम, सहकारी नियमावली २०७६ को नियम २३, संस्थाको विनीयमको परिच्छेद ९ को ५३ र ५४ को नियममा व्यवस्था भए बमोजिम ऋण नितिको परिच्छेद ७ समेतलाई आधार मानी कानुनी प्रक्रिया अपनाई तल उल्लेखित मिति, समय र स्थानमा धितो लिलामको गोप्य सिलबन्दी, डाँक बढाबढ मार्फत लिलाम बिक्री गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक व्यक्ति तथा संघसंस्थाहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| कर्जा शिर्षक | ऋणीको नाम, थर | धनजमानीको नाम, थर | |
|---|---|---|---|
| व्यवसायिक कर्जा ००१४००००४५५ | **१) नाम : ओमप्रकाश विश्वकर्मा**<br>नागरिकता नं. : २३१७४, कास्की<br>बुबाको नाम : चित्र बहादुर विश्वकर्मा<br>बाजेको नाम : भागीरथ विश्वकर्मा<br>स्थायी ठेगाना : चापाकोट-३, कास्की<br>हालको ठेगाना : बसुन्धरा, काठमाडौं<br>फोन नं. : ९८५११२२६७४ | **१) नाम : चित्र बहादुर विश्वकर्मा**<br>नागरिकता नं. : ४६१००७/६४०, कास्की<br>बुबाको नाम : भागीरथ कामी<br>बाजेको नाम : चुत्के कामी<br>स्थायी ठेगाना : पोखरा-२३, कास्की<br>फोन नं. : ९८०३२६७०६४ | **२) नाम : चित्र बहादुर खत्री**<br>नागरिकता नं. : १२१८, बाग्लुङ<br>बुबाको नाम : कुलप्रसाद खत्री<br>बाजेको नाम : बंमबहादुर खत्री<br>स्थायी ठेगाना : पोखरा-१७, कास्की<br>फोन नं. : ९८४६०४९१०९ |
| **धितोको विवरण:** चुत्के कामीको नाति, भागीरथ कामीको छोरा चित्र बहादुर वि.क को नाममा एकलौटी हकभोग रहेको कास्की मालपोतमा दर्ता श्रेष्ता कायम, कास्की जिल्ला साविक चापाकोट ३, हाल: पोखरा २३ स्थित नक्सा सिट नं. ०९३०८३३०० मा रहेको कित्ता नं. १६६४, ५३८, १६६५, ५३५, १६६३ को क्षेत्रफल क्रमश: १०८३.०६, ७०९.४५, ५४२.५२, ५४५५.०४, ५४२.५२ वर्ग मिटर भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | | | |
| व्यवसायिक कर्जा ००१४००००४५४ | **१) नाम : पार्वती सुनार विश्वकर्मा**<br>नागरिकता नं. : २११०५, कास्की<br>जारी मिति : २०५०/०५/२८<br>श्रीमान्को नाम : ओम प्रकाश विश्वकर्मा<br>ससुराको नाम : चित्र बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : पोखरा-२३, कास्की<br>हालको ठेगाना : बसुन्धरा, काठमाडौं<br>फोन नं. : ९८४१७२३०३३ | **१) नाम : ओमप्रकाश विश्वकर्मा**<br>नागरिकता नं. : २३१७४, कास्की<br>बुबाको नाम : चित्र बहादुर विश्वकर्मा<br>बाजेको नाम : भागीरथ विश्वकर्मा<br>स्थायी ठेगाना : चापाकोट-३, कास्की<br>हालको ठेगाना : बसुन्धरा, काठमाडौं<br>फोन नं. : ९८५१३५९०१३ | **२) नाम : गुरुप्रसाद चालिसे**<br>नागरिकता नं. : २०२५/७९८२८, रुपन्देही<br>जारी मिति : २०४८/०६/२०<br>बुबाको नाम : खगेश्वर चालिसे<br>बाजेको नाम : रविलाल चालिसे<br>स्थायी ठेगाना : सेमलार-५, रुपन्देही<br>फोन नं. : ९८५१०६६२११ |
| **धितोको विवरण:** चुत्के कामीको नाति, भगीरथ कामीको छोरा चित्र बहादुर विकको नाममा एकलौटी हकभोग रहेको कास्की मालपोतमा दर्ता श्रेष्ता कायम, कास्की जिल्ला साविक कास्कीकोट वडा नं. ९, हाल: पोखरा-२४ स्थित नक्सा सिट नं. ०९३०८३३ र ०९३०८३२ मा रहेको कित्ता नं. २१७२, १७७५, १७७६, १७६९, १७७४, १७०० को क्षेत्रफल क्रमश: १५८.९५, २४४.४०, ७३९.२२, ९१४.०७, २१०.६२, ४०५.३३ वर्ग मिटर भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | | | |

**लिलाम बिक्रीका शर्तहरू**

१. लिलाम बढाबढ कार्य प्रारम्भ हुनुभन्दा १ घण्टा अगाडिसम्म ऋणीले संस्थामा बुझाउनु पर्ने रकम बुझाएमा लिलामी कारवाही रोक्न सकिनेछ ।
२. ऋण लिदा राखेको धितो मध्ये ऋणीले राखेको धितोले नपुगेमा धनजमानी दिने व्यक्तिको धितो समेत लिलाम बढाबढ हुनेछ ।
३. लिलाम हुने दिन स्वय ऋणी वां निजको प्रतिनिधि उपस्थित हुनका लागि पत्र पठाइनेछ । पत्र प्राप्त नभएमा यसै सुचनाबाट प्राप्त भएको मानिने छ । ऋणी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बढाबढ कार्य रोकिने छैन ।
४. अदालत वा अन्य अधिकार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा स्थगित गर्न सकिनेछ ।
५. अन्तिम पटक सब भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको रकमको १० प्रतिशतले हुने रकम तत्काल धरौटी स्वरुप संस्थाको कार्यालय मा दाखिला गर्नुपर्नेछ ।
६. डाँक कबोल अस्वीकृत भएमा ७ दिन पछि मात्र धरौटी फिर्ता दिइनेछ ।
७. लिलाम सकार गरेको जग्गा आफ्नो नाममा दा.खा. गरी लिन का लागि लाग्ने सम्पूर्ण कर तथा दै-दस्तुर लिलाम सकार गरी लिनेले आफैं बेहोर्नु पर्नेछ ।
८. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको बाँकी रकम बुझाई कबोल गरी लिनचाहेको जग्गा दा. खा. गरी दिन सस्था मा निवेदनदिनु पर्नेछ । १५ दिन भित्रमा निवेदन नदिएमा धरौटी स्वरुप रहेको १० प्रतिशत रकम फिर्ता पाइनेछैन ।
९. तोकिएको दिन बिदा परेमा कार्यालय खुलेको दिन मा लिलाम बढाबढ हुनेछ ।
१०. लिलाम गर्दा गर्दै कार्यालय समय भित्र काम नसकिएमा अर्को दिन कार्यालय खुलेको दिन पुन:लिलाम कार्य गरिनेछ ।
११. लिलामहुने सम्पत्ति घरजग्गा हेर्न चाहेको महानुभावले कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी हेर्न वा बुझ्न सकिनेछ ।
१२. लिलाम गर्दा यस संस्थाले तोकेको स्थानमा विभिन्न सरकारी प्रतिनिधिहरुको रोहवरमा गराइनेछ ।
१३. न्युनतम डाँक मुल्य लिलाम बढाबढ गर्ने दिन सम्मको ऋणीबाट सस्थाले लिनुपर्ने सम्पूर्ण रकम हिसाब गरी कायम गरिनेछ ।
१४. लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी फिर्ता मागगर्न वा ब्याज दाबी गर्न पाइने छैन ।
१५. लिलाम बढाबढमा सहभागीहुन इच्छुक व्यक्ति/संस्थाले मिति २०८२/०५/०४ गतेबाट लिलाम डाँक बढाबढ तोकिएको दिन प्रकाशित हुने धितो लिलाम कार्य सूचिमा उल्लेखित समय भित्र संस्थाले उपलब्ध गराउने आवेदन फाराम भरि गोप्य शिलबन्दी पेश गर्न सकिनेछ ।
१६. डाँक बढाबढको सम्पूर्ण कार्यक्रम स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यसै सस्थामा निहीत रहनेछ ।

**लिलाम डाँक बढाबढको मिति, समय र स्थान**

ऋणी सदस्यहरुको धितो लिलाम बिक्री संस्थाको कार्यालय पोखरा-८, न्यूरोडमा मिति २०८२/०५/११ गते बुधबार, दिनको ०३:०० बजे सम्बन्धित कार्यालयहरुका प्रतिनिधिहरुको रोहवरमा हुनेछ ।

**शुभम् बचत तथा ऋण सहकारी संस्था लि.**
**SUBHAM SAVING & CREDIT COOPERATIVE LTD**

प्रधान कार्यालय: पोखरा-८, न्युरोड, कास्की
फोन नं. ०६१-५८९२४६/५८९२४७
सेवा केन्द्र: पोखरा-२७, तालचोक, कास्की
फोन नं. ०६१-५६५२४७


# कमलपोखरी मार्ग टोलको २० औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भाद्र



पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको २० औं वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम हालै सम्पन्न भयो ।

वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सभाको उद्घाटन गर्दै कमलपोखरी टोलले गरेका हरेक क्रियाकलाप राम्रो भएकोमा चर्चा गरे । कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सहसचिव उमा गुरुङ, सल्लाहकार क्या. वीरवहादुर गुरुङ, कमलपोखरी मार्ग आमा समुहकी अध्यक्ष पुर्णकुमारी गुरुङ, बाँझापाटन तमु समाजका सचिव कुलप्रसाद गुरुङ, भख्खरै विद्यावारिधी गरेका डा पोलवहादुर गुरुङ, भद्रकाली वेष्ट मेनेजमेन्टका प्रोपाइटर तथा समाजसेवी सुजन गुरुङ लगायत वा ेलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष प्रेम वहादुर गुरुङले स्वागत र सचिव खड्क बहादुर गुरुङ खुशीमानले साहित्यमय शब्दमा संचालन गरेका थिए । कार्यक्रममा दश जोड दुई देखी माथी तह सम्म उर्तिणा गरेका विद्यार्थी, ८० वर्ष माथिका जेष्ठ नागरिक र वहुउद्देश्यीय भवनमा सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो । सेही दिन संस्थाका सदस्यहरु र आमा समुहका सदस्यहरु विच दर खुवाउने कार्यक्रम पनि गरिएको थियो ।

# फोहरजन्य वस्तु बिक्री गरी १५ लाख बढी आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ भाद्र



यहाँको व्यास नगरपालिकाले नकुहिने फोहर बिक्री गरी ११ महिनामा रु १५ लाख ३२ हजार ८३७ आम्दानी गरेको छ । नगरपालिकाले गत भदौदेखि फोहर सङ्कलन गरी व्यवस्थित गर्न थालेको थियो ।

पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्म रूपमा वर्गीकरण गरी बिक्री गर्न थालेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालिएको नगरपालिकाको वन, वातावरण तथा सरसफाइ शाखाले जनाएको छ ।

ट्रकलाई 'टिप' पुगेपछि बिक्रीका लागि पठाउने गरिएको प्रमुख प्रशासकीय अधिकृत काशिराम गैरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "व्यास नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने प्लास्टिकजन्य, फलामजन्य र कागजजन्यलाई ठूलो आकारबाट दाबेर सानो आकारमा परिणत गरी भण्डारण गर्ने गरिएको छ ।" उहाँका अनुसार रेडबुललगायत आल्मुनियम प्रतिकेजी ६०, फलाम प्रतिकेजी ३५, टिन २५, पानीको बोतल तथा अन्य बोतल २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कपी १६ र किताब १४ दररेट कायम गरिएको छ ।

नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएको थियो । त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको हो ।

"नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टनको हाराहारीमा कुहिने फोहर सङ्कलन हुँदै आएको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय कबाडीको महत्व बुझ्न थालेपछि अन्य मानिसले पनि सङ्कलन गरी बिक्री गर्न थालेका छन् ।" कुहिने फोहरलाई नगरले व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गर्दै आएको छ । नकुहिने फोहरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएकामा त्यहाँ पनि स्थानीयले विरोध गरेकाले जग्गा खरिद प्रक्रिया हाललाई रोकिएको छ । नगरपालिकाले सरसफाइ क्षेत्रमा लाखौं खर्च गर्दै आएकामा अब फोहरबाट आम्दानी गर्न थालेको व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।